# पुनर्जागरण समाज नेपालद्वारा संचालित कार्यक्रमका केही झलकहरू ...




महिला लोकतान्त्रिक सञ्जाल केन्द्रीय समितिले गरेको सम्मान कार्यक्रमपछि सामुहिक तस्वीर खिचाउँदै सञ्जाल सम्बद्ध संविधान सभासदहरू



झापा सञ्जाल पदाधिकारीहरूसंग रणनीतिक कार्ययोजना माथि छलफल गर्दै सञ्जाल अध्यक्ष उर्मिला अर्याल



पुनर्जागरण समाज नेपालद्वारा ब्यवस्थापन गरिएको संयुक्त राष्ट्र संघीय खाद्य तथा कृषि संगठन (FAO) को जेष्ठ २ देखि ४ सम्म तनहुँको बन्दीपुरमा आयोजित गोष्ठीका सहभागीहरू



बैशाख ३० गते बीरगंजमा सम्पन्न अल्पसंख्यक तथा सिमान्तिकृत वर्गका महिलाको राजनीतिक समावेशीकरण सम्बन्धी गोष्ठीका सहभागीहरू



समावेशीकरण गोष्ठीमा राजनैतिक दलमा समावेशीकरण अभिवृद्धिका लागि दलगत रणनीतिक कार्ययोजना निर्माणमा ब्यस्त सहभागीहरू



महिला लोकतान्त्रिक सञ्जाल डोटीका पदाधिकारीसँग सञ्जाल गतिविधिबारे छलफल गर्दै दातृ संस्था RDIF का अधिकारीहरू



महिला लोकतान्त्रिक सञ्जाल डोटीको नयाँ कार्यसमितिको निर्वाचनका लागि आयोजित अधिवेशनका सहभागीहरू



पुनर्जागरण समाज नेपाल र राष्ट्रिय योजना आयोगको संयुक्त तत्वावधानमा होटल हिमालयमा जेष्ठ २७ गते आयोजित खाद्य सुरक्षा सम्बन्धी गोष्ठीलाई सम्बोधन गर्दै राष्ट्रिय योजना आयोगका उपाध्यक्ष डा. जगदीश चन्द्र पोखरेल



अर्घाखाँची क्षेत्र नं. २ बाट निर्वाचित संविधान सभा सदस्य पुष्पा भुसाललाई महिला लोकतान्त्रिक सञ्जाल अर्घाखाँचीबाट सम्मान पछि सामुहिक तस्वीर खिचाउँदै



धाडिङ जिल्लामा जेष्ठ ९ गते रणनीतिक कार्ययोजना माथि छलफल गर्दै राजनीतिक दलका नेताहरू



सिन्धुली जिल्लामा जेष्ठ २६ गते राजनीतिक दलका नेताहरू र सञ्जाल प्रतिनिधि बिच रणनीतिक कार्ययोजना माथि छलफल गरिंदै



महोत्तरी जिल्लामा जेष्ठ २७ गते रणनीतिक कार्ययोजनामा छलफल गर्दै राजनीतिक दलका प्रतिनिधिहरू

पुनर्जागरण समाज नेपालको त्रैमासिक बुलेटिन

# पुनर्जागरण सन्देश

# The Renaissance Message

वर्ष ३ अंक ७ २०६५ जेष्ठ




## महिला लोकतान्त्रिक सञ्जाल परियोजना लागु भएका जिल्लाहरु

## यस अंकका आकर्षणहरु


- ❖ महिला आन्दोलन पुरुषबिरुद्ध होइन गलत सामाजिक संस्कारबिरुद्ध केन्द्रीत हुनुपर्ने ... १
- ❖ अल्पसंख्यक तथा सिमान्तिकृत महिलाहरुको राजनीतिक समावेशीकरण कार्यशाला गोष्ठी ... २
- ❖ पञ्चवर्षीय रणनीतिक कार्य योजनाको आवश्यकतामा जोड ... ३
- ❖ राजनीतिमा महिला सहभागिता, सशक्तिकरण एवं समावेशीकरणको अवस्था, समस्या र समाधान ... ४
- ❖ नेपालको राजनीतिमा आदिवासी जनजाति महिलाको प्रतिनिधित्वका सवालहरु ... १३
- ❖ मधेशीहरुका समावेशीकरणका सवाल र संविधानसभामा मधेशी महिलाका अधिकारहरु ... १८
- ❖ कविता ... २१
- ❖ गीत ... २१
- ❖ नेपाली राजनीतिमा दलित महिलाको समावेशीकरण ... २२
- ❖ साझा प्रश्न ... २८
- ❖ महिला लोकतान्त्रिक सञ्जाल जिल्ला गतिविधि ... ३०
- ❖ महिला आन्दोलन र महिला मुक्तिको प्रश्न ... ३७
- ❖ गरिबी निवारणका लागि टिम्मुर खेती ... ३९
- ❖ सामुदायिक तथा भौतिक पुर्वाधार गतिविधि ... ४१
- ❖ संविधान सभामा निर्वाचित सदस्यहरु (प्रत्यक्ष तर्फ) ... ४२
- ❖ संविधान सभामा निर्वाचित सदस्यहरु (समानुपातिक तर्फ) ... ४८
- ❖ पाठक प्रतिकृया ... ५८
- ❖ सफलताको कथा .... ... ५९
- ❖ अखवारका पाताहरुमा महिला लोकतान्त्रिक सञ्जाल ... ६०

**सम्पादन मण्डल**

वाई.बी. थापा

पूर्णबहादुर चेम्जोङ

डा. बालचन्द्र मिश्र

मानबहादुर कुँवर

**सल्लाहकार :**

प्रा.डा. चैतन्य मिश्र

लक्ष्मीशरण घिमिरे

सपना प्रधान मल्ल

उर्मिला अर्याल

**सम्बाददाता :**

कृष्णभक्त राई

एकमाया थापा

तुलसा ओली

लक्ष्मी महरा

सुनिता खतिवडा

**व्यवस्थापक :**

मदनबहादुर थापा

पुष्कर पोखरेल

जयनारायण प्रसाद चौधरी

**मुद्रक तथा कम्प्युटर डिजाईन:**

साईनो आर्टस्

मध्यपुर थिमि-१५, कौशलटार

फोन : ६६३८८८०

**प्रकाशक**

पुनर्जागरण समाज नेपाल

केन्द्रीय कार्यालय

बालकोट-२, भक्तपुर

पो.ब.नं. : १०४२९, काठमाडौं, नेपाल

फोन : ००९७७-१-६६३२८२१

फ्याक्स : ००९७७-१-६६३०४८९

Email: rsn@ntc.net.np

Website : www.renaissance.org.np

**क्षेत्रीय कार्यालयहरु**

**पूर्वाञ्चल क्षेत्रीय कार्यालय**

बी.पी. चोक, इटहरी, सुनसरी

फोन : ०२५-६२१०२९

Email: rsneast@yahoo.com

**पश्चिमाञ्चल क्षेत्रीय कार्यालय**

दीपनगर, बुटवल, रुपन्देही

फोन : ०७१-५४४१४९

Email: rsnwest@ntc.net.np

**मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**

कारकाँदो चोक, नेपालगञ्ज, बाँके

फोन : ०८१-५५०३५०

Email: rsnwdnp@ntc.net.np

**सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय**

पुरानो भन्सार रोड, धनगढी, कैलाली

फोन : ०९१-५२२६८५

Email: rsnfwest@ntc.net.np


# इतिहास लेखाउने पदचापहरु ...




**सम्पादकीय**

## शुभकामना संघीय लोकतान्त्रिक गणतन्त्रको

नेपाली जनताको सामन्तबाद विरोधी लामो संघर्षको परिणाम र २०६२/६३ को दोस्रो जनआन्दोलनको मुख्य मागको रुपमा रहेको संघीय लोकतान्त्रिक गणतन्त्रको घोषणा नेपालमा केही महिना पहिले नै भइसकेको थियो । अन्तरिम व्यवस्थापिका संसदद्वारा घोषणा गरिएको गणतन्त्र कार्यान्वयनको जिम्मा संविधान सभाको पहिलो बैठकको काँधमा थियो । २०६५ जेष्ठ १५ गते संपन्न पहिलो बैठकले यो ऐतिहासिक कार्यभारलाई पुरा गरेको छ र नेपाल औपचारिक रुपमै संघीय लोकतान्त्रिक गणतन्त्रमा रुपान्तरित भएको छ । यो ऐतिहासिक अवसरमा अधिराज्यका ५३ जिल्ला तथा केन्द्रमा संगठीत र सकृय रहनुभएका महिला लोकतान्त्रिक सञ्जालका पदाधिकारी, सदस्य, कर्मचारी र समर्थक लगायत महिला तथा उत्पीडित, उपेक्षित आन्दोलनका पक्षधर संपूर्ण जनसमुदायमा हामी हार्दिक बधाइ तथा शुभकामना ब्यक्त गर्न चाहन्छौं । साथै, बलिदानपूर्ण जनआन्दोलनलाई उत्कर्षमा पुऱ्याएर मुलुकलाई यो ऐतिहासिक अवसरसम्म पुऱ्याउने बाटोको ढोका खोलिदिने सबै आन्दोलनकारी नेपाली दिदी बहिनी र दाजुभाइहरु तथा संविधान सभाको पहिलो बैठकमा खुट्टा नकमाइकन गणतन्त्र कार्यान्वयनको प्रस्तावलाई पारित गराउने नवनिर्वाचित संविधानसभासदहरु सबैप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छौं ।

मुलुक नयाँ युगमा प्रवेश गरेको छ र सामन्ती राजतन्त्र तथा श्रमजीवी नेपाली जनताबीचको सदीयौं लामो अन्तरविरोधको एउटा श्रृंखला समाप्त भएको छ तर लोकतान्त्रिक गणतन्त्र आयो भनेर खुशीले हात बाँधेर बस्ने अवस्था देशमा छैन । इतिहासको पाङ्ग्रोलाई पछिल्तिरै धकेल्न खोज्ने प्रतिगामी शोच र स्वार्थका बाहकहरु पूर्ण रुपमा समाप्त भइसकेका छैनन् । अग्रगमनको आगामी मार्ग पनि त्यति सुगम र सरल छैन । त्यसमाथि महिला सशक्तिकरण सहित राज्यका हरेक निकाय र जिम्मेवारीमा उनीहरुको अर्थपूर्ण र समानुपातिक प्रतिनिधित्व, महिलाको शैक्षिक, सामाजिक र आर्थिक विकासका लागि सकारात्मक विभेद, महिला विरुद्ध हुने सबै प्रकारका भेदभावको उन्मूलन संबन्धी महासन्धीको प्रभावकारी कार्यान्वयन र पूर्ण पालना, संचार माध्यमहरुमा लैङ्गिक संवेदनशीलता अभिबृद्धि, महिला विरुद्ध हुने घरेलु हिंसा र चेलीबेटी बेचबिखनको नियन्त्रण जस्ता गंभीर सवालहरुलाई मुख्य कार्यक्षेत्र बनाएर अन्तरपार्टी महिला सहकार्यको माध्यमबाट अघि बढ्ने प्रयास गरिरहेका हामीजस्ता अधिकार कर्मी र सामाजिक कार्यकर्ताका लागि त आगामी दिनहरुमा अझ सकृयता र परिपक्वता प्रदर्शनको माग हुन थालिसकेको छ । परियोजनाका घोषित उद्देश्यलाई नयाँ बन्ने संविधानमा औपचारिक रुपमै लिपिबद्ध गराउने अभियानमा अब हामी झन सक्रिय बन्नुपर्ने अवस्था छ । नयाँ संविधान निर्माणका लागि देशब्यापी चासो र बहस चल्ने यो दुई वर्षको अवधि हाम्रा लागि तातेको फलामलाई आफ्नो आवश्यकता अनुसारको आकारमा ढाल्न बल, कौशल र बुद्धि प्रदर्शन गर्ने समय हो । महिला अधिकार र सशक्तिकरणका पक्षधरहरुका लागि यो अवधि भनेको राजनीतिक रुपमा पनि सबैभन्दा उपयुक्त हो, किनभने यतिबेला सरोकारवालाहरुलाई सडकमै उतार्न र देशब्यापी जनसमर्थन प्राप्त गर्न सहज वातावरण रहेको छ । यति महत्वपूर्ण अवस्थामा पनि तातेको फलामलाई आरनमा हालेर ठोक्न सकिएन वा बिलम्ब भयो भने हामी लामो समयसम्म पछि पर्नेछौं, इतिहासले हामीलाई झक्झक्याई रहेको यस जिम्मेवारीलाई पुरा गरौं ।

# महिला लोकतान्त्रिक सञ्जाल सम्बद्ध संविधान सभासदहरुलाई

# हार्दिक बधाई


ईश्वरी न्यौपाने


उर्मिला शाह


उषाकला राई


कृष्णकुमारी परियार


गौरी महतो कोईरी


दुर्गा परियार


नारायणी शर्मा


निलम बर्मा


पद्मा कुमारी अर्याल


पुष्पा भुसाल


प्रमिला राई


बिना झवाली


बिष्णु माया बि.क.


राधा तिमिल्सिना


रिमा नेपाली


रेणु यादव


लक्ष्मी परियार


लीला सुब्बा


सपना प्रधान मल्ल


सरस्वती चौधरी


शान्ती देवी चमार

शारदा परियार नेपाली


हसिना बेगम